# लेटर ग्रेडीङ
# (चौथो संशोधन )२०७८

**नेपाल सरकार**

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

*माननीय मन्त्रीस्तरको मिति २०७८।०९।०७ को निर्णयबाट स्वीकृत*

# लेटर ग्रेडिङ निर्देशिका, २०७८

**(पहिलो संशोधन २०७८।११।१८)**

**(दोस्रो संशोधन २०७९।०४।०८)**

**(तेस्रो संशोधन २०८०।०१।२१)**

**(चौथो संशोधन २०८१।०३।१६)**


**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

पाठ्यक्रम विकास केन्द्र

**सानोठिमी, भक्तपुर**

# लेटर ग्रेडिङ निर्देशिका, २०७८

**प्रस्तावना:** विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद -१
## नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

१. **नाम र प्रारम्भ :** (१) €€€ यस निर्देशिकाको नाम "लेटर ग्रेडिङ (चौथो संसोधन) निर्देशिका, २०७८" रहेको छ ।

(२) €€€ यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

(३) €......................................... ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "केन्द्र" भन्नाले मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले शिक्षा नियमावलीको नियम ३२ अनुसार गठित राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् सम्झनु पर्छ ।

(घ) "पाठ्यक्रम" भन्नाले राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् तथा नेपाल सरकारद्वारा स्वीकृत तहगत वा विषयगत पाठ्यक्रम सम्झनु पर्छ ।

( ङ ) "पाठ्यघण्टा (Credit hour)" भन्नाले पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधि सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) दफा ४क. बमोजिम गठित बोर्ड सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ज) " लेटर ग्रेडिङ (Letter Grading)" भन्नाले तोकिएको सक्षमताको मूल्याङ्कनपश्चात् विद्यार्थीले हासिल गर्ने सिकाइ स्तरलाई अक्षरमा गरिने प्रस्तुति सम्झनु पर्छ ।

(झ) "स्तरीकृत अङ्क (Grade point)" भन्नाले अक्षरमा गरिएको विद्यार्थी मूल्याङ्कनको स्तरीकरणलाई अङ्कमा प्रस्तुत गरिएको आनुसाङ्ख्यिक मान सम्झनु पर्छ ।

३. **उद्देश्य :** विद्यालय शिक्षामा लेटर ग्रेडिङ कार्यान्वयनको उद्देश्य देहाय अनुसार रहेका छन् :

(क) विद्यार्थीको सिकाइ सक्षमतालाई यथारूपमा प्रमाणीकरण गर्ने

(ख) सिकाइ उपलब्धिको मापनबाट प्राप्त अङ्कगत स्तरलाई आठओटा अक्षरगत स्तरमा सूचित गर्ने

(ग) शैक्षिक क्षतिलाई न्यूनीकरण गर्दै शैक्षिक गुणस्तर प्रवर्धन गर्ने

(घ) एकल विषय प्रमाणीकरणका माध्यमबाट विद्यार्थीको बहु बौद्धिकताका आधारमा सिकाइका अवसर प्रदान गर्ने ।

**€ पहिलो संशोधनबाट खारेज गरिएको**

**€€€ तेस्रो संशोधनबाट परिमार्जन गरिएको**

## परिच्छेद -२
## पाठ्यघण्टा

४. **पाठ्यघण्टा तथा कार्यघण्टा : (१)** विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया साठी मिनेटको एक घन्टी हुने छ । तर विद्यालयले वार्षिक कार्यघण्टा नघट्ने गरी समय व्यवस्थापन गर्न सक्नेछ ।

(२) पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit Hour) मानिने छ ।

(३) मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको समयावधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गरिनेछ ।

५. **पाठ्यघण्टा र क्रियाकलाप** : (१) शिक्षक र विद्यार्थीबिचमा प्रत्यक्ष संवाद र सहकार्य गरी गरिने सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नु पर्नेछ ।

(२) निर्णयात्मक मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको ७५ प्रतिशत हाजिरी भएको हुनु पर्ने छ ।

तर खुला विद्यालय तथा वैकल्पिक सिकाई प्रणालीमा अध्ययनरत विद्यार्थीको हाजिरी तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाको हकमा सम्बन्धित निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि निर्दिष्ट पाठ्यघण्टा अनुसार कक्षा सञ्चालन गर्दा सिकाइ सम्बद्ध क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापलाई आधार मानी मूल्याङ्कन गर्नु पर्ने छ ।

## परिच्छेद -३
## विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ

६. **ग्रेड निर्धारण :** (१) विद्यालय शिक्षा (कक्षा १-१२) मा लेटर ग्रेडिङ लागु गर्न देहायबमोजिम ग्रेड निर्धारण गरिने छ,-

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(२) निर्धारित ग्रेडको निम्नानुसार व्याख्याको विस्तृतीकरण गरिने छ :

(३) €€यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) का हकमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिमका नयाँ पाठ्यक्रम कार्यान्वयन हुनु पूर्वको परीक्षामा प्राप्त अङ्कको ग्रेड निर्धारणको अभ्यासमा एकरूपता कायम गर्न राष्ट्रिय परीक्षा बोर्डले देहायबमोजिम हुने गरी ग्रेडको निर्धारण गर्न तथा सोको व्याख्या, विस्तृतीकरण गर्न सक्ने छ :

(ग्रेड निर्धारण र ग्रेडको व्याख्या तथा विस्तृतीकरण अनुसूची १ मा राखिएको छ ।)

€€ **दोस्रो संशोधनबाट थप गरिएको**

| ग्रेड | व्याख्या | व्याख्याको विस्तृतीकरण |
|---|---|---|
| A+ | सर्वोत्तम (Outstanding) | Has deep and broad knowledge with highly-developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with extraordinary performance; a significant capacity for original, creative and logical thinking with superior communication skills. |
| A | अत्युत्तम (Excellent) | Has deep and broad knowledge with developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with exemplary performance; a significant capacity for original, creative and logical thinking with advanced communication skills. |
| B+ | उत्कृष्ट (Very Good) | Has broad knowledge with developed insight as well as comprehensive and independent appreciation of the theoretical or practical subject matter; a special ability to organize, use, analyze and succinctly present subject matter clearly with a high level of performance; a highly-developed capacity for original, creative and logical thinking with sound communication skills. |
| B | उत्तम (Good) | Has decent knowledge with developed insight as well as comprehensive and good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with respectable performance; a developed capacity for original, creative and logical thinking with reasonable communication skills. |
| C+ | सन्तोषजनक (Satisfactory) | Has adequate knowledge with developing insight as well as comprehensive and reasonably good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with blameless performance; some capacity for original, creative and logical thinking with sufficient communication skills. |
| C | ग्राह्य (Acceptable) | Has sufficient knowledge with developing insight as well as comprehensive and acceptable understanding of the theoretical or practical subject matter; an ability to organize, use, analyze and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with acceptable communication skills. |
| D | आधारभूत (Basic) | Has some knowledge with developing insight as well as comprehensive and partial understanding of the theoretical or practical subject matter; limited ability to organize, use, analyze and present subject matter with guiltless performance ; limited capacity for original, creative and logical thinking with minimal participation in communication skills. |
| NG | अवर्गीकृत (Not Graded) | Has less knowledge with incomplete insight as well as comprehensive and negligible understanding of the theoretical or practical subject matter; seriously deficient ability to organize, use, analyze and present subject matter; very limited capacity for original, creative and logical thinking with inadequate communication skills. |

**७. लेटर ग्रेडिङको कार्यान्वयन विधि तथा ग्रेड वृद्धि परीक्षा:** (१) लेटर ग्रेडिङ कार्यान्वयन विधि देहायबमोजिम हुने छ :-

(क) प्रत्येक विषयको उत्तरपुस्तिकाको परीक्षण र सम्परीक्षण अङ्कमा गरिने छ । परीक्षण र सम्परीक्षणबाट प्राप्त अङ्क ( ग्रेड सिटमा सैद्धान्तिक र आन्तरिकको छुट्टाछुट्टै अङ्क) लाई अक्षर ग्रेडमा रूपान्तर गरिनेछ ।

(ख) सम्बन्धित तह वा कक्षा पूरा गरेको विद्यार्थीले प्राप्त ग्रेड सिटका आधारमा सम्बन्धित तह वा कक्षा पुरा गरेको भएमा पेसागत र प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्राप्त गर्ने छन् । अग्र अध्ययनका लागि भने सो तह वा कक्षा पूरा गरी स्तरीकृत अङ्क (GPA) सहितको ग्रेड सिट र मूल प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(ग) विद्यार्थीहरूले प्राप्त गरेको ग्रेडको व्याख्या (Descriptor) लब्धाङ्क पत्रमा उल्लेख गरिने छ ।

(२) ग्रेड वृद्धि परीक्षा र प्रमाण पत्रका सम्बन्धमा देहाय बमोजिम हुने छ :

(क) कक्षा आठ, कक्षा दश र कक्षा बाह्र मा सबै विषयमा न्यूनतम ग्रेड पूरा गरेपछि मात्र सम्बन्धित निकायले मूल प्रमाणपत्र उपलब्ध गराउने छ ।

तर विषयगत रूपमा आन्तरिकतर्फ C र सैद्धान्तिकतर्फ D ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध गराइने छैन ।

(ख) अन्य कक्षाको हकमा यो निर्देशिकाको प्रतिकूल नहुने गरी विद्यालयले नै ग्रेड सिट र प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(ग) अग्र अध्ययनका लागि मूल प्रमाणपत्र अनिवार्य हुनेछ । मूल प्रमाण पत्र नलिई अग्र अध्ययन गरेमा समकक्षता प्रदान गरिने छैन ।

(घ) मूल प्रमाणपत्र प्राप्त गर्न नसकेका विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा संलग्न हुन पाउने छन् र ग्रेड वृद्धि परीक्षामा संलग्न हुने तथा आन्तरिक मूल्याङ्कनमा सहभागी भई बाह्य मूल्याङ्कनमा संलग्न हुन नसकेका विद्यार्थीको हकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको अङ्क तीन वर्षसम्म कायम रहनेछ ।

(घ१) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक शिक्षा कक्षा १० को अन्त्यको वार्षिक परीक्षामा अनुपस्थित भएको वा त्यस्तो परीक्षामा सहभागी भई कुनै विषयमा अवर्गीकृत (नट ग्रेडेड) प्राप्त गरेको विद्यार्थीलाई अनुपस्थित भएको वा त्यस्तो परीक्षामा सहभागी भई कुनै विषयमा अवर्गीकृत (नन ग्रेडेड)

प्राप्त गरेको विद्यार्थीलाई अनुपस्थित भएको वा अवर्गीकृत (नन ग्रेडेड) प्राप्त गरेको विषयमा ग्रेडवृद्धि मौका परीक्षामा सहभागी हुन बाधा पर्ने छैन । €€€€

(ङ) नियमित वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थीले जुन विषयमा तोकिएको प्रेड प्राप्त गर्न नसकेको हो साही विषयमा मात्र तीन वर्षसम्म वार्षिक परीक्षामा सहभागी हुन पाउने छन् ।€€€

(च) आन्तरिक मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त नभई वार्षिक वा बाहय परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुन सक्नेछ ।

(छ) विदेशी बोर्डहरूबाट अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीहरूको ग्रेड निर्धारण समेत यसै कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद -४
## लेटर ग्रेडिङको कार्यान्वयनमा सम्बन्धित निकायहरूको भूमिका

८. **मन्त्रालयको भूमिका:** लेटर ग्रेडिङको कार्यान्वयनमा मन्त्रालयको भूमिका देहाय अनुसार हुने छ :

(क) लेटर ग्रेडिङ सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ख) लेटर ग्रेडिङ कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

९. **केन्द्रको भूमिका** : केन्द्रको भूमिका देहाय अनुसार हुने छ :

(क) लेटर ग्रेडिङका सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत नीति कार्यान्वयन गर्ने,

(ख) लेटर ग्रेडिङ कार्यान्वयनमा आवश्यक सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

१०. **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका देहाय अनुसार हुने छ :

(क) लेटर ग्रेडिङको कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) शिक्षक तालिम कार्यक्रममा विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङलाई समावेश गर्ने ।

११. **बोर्डको भूमिका :** बोर्डको भूमिका देहाय अनुसार हुनेछ :

(क) विद्यार्थी मूल्यांकनका लागि परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणिकरण गर्दा लेटर ग्रेडिङ कार्यान्वयन गर्ने,

(ख) विद्यालय शिक्षामा लेटर ग्रेडिङ कार्यान्वयन गर्ने क्रममा सम्बद्ध निकायका काममा आवश्यक समन्वय र सहजिकरण गर्ने ।

१२. **शिक्षा विकास निर्देशनालयको भूमिका :** शिक्षा विकास निर्देशनालयले विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्नेछ ।

१३. **शिक्षा विकास तथा समन्वय एकाइको भूमिका :** शिक्षा विकास तथा समन्वय एकाइको भूमिका देहाय अनुसार हुने छ :

(क) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने गराउने,

(ख) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्न विद्यालयहरूलाई निर्देशन दिने र आवश्यक अभिमुखीकरण, सहजीकरर्णे तथा अनुगमन गर्ने ।

१४. **विद्यालयको भूमिका :** विद्यालयको भूमिका देहाय अनुसार हुने छ :

**€€€ तेस्रो संशोधनबाट संसोधन गरिएको**

**€€€€ चौथो संशोधनबाट थप गरिएको**

(क) विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने, गराउने,

(ख) शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवाला सबैमा यस पद्धतिबारे जानकारी गर्ने गराउने,

(ग) आवश्यकताअनुसार अभिमुखीकरण र छलफल गरी अवधारणगत स्पष्टता कायम गर्ने,

(घ) प्रयोगात्मक कार्य, परियोजना कार्यलगायतका सिकाइ सम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपलब्धिको विवरण अभिलेख अनुसार प्रमाणीकरण गरी उपलब्ध गराउने ।

## परिच्छेद -५

## विविध

१५. **समकक्षता :** लेटर ग्रेडिङबाट प्राप्त ग्रेडको अङ्काङ्कनमा निर्धारित श्रेणीहरूको समकक्षता माध्यमिक शिक्षासरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिकामा व्यवस्था भएबमोजिम हुने छ ।

**१६. निर्देशिका संशोधन:** मन्त्रालयले सम्बन्धित निकायहरूको परामर्श र केन्द्रको सिफारिसमा निर्देशिकामा आवश्यक संशोधन गर्न सक्नेछ ।

**१७. वाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा वा अस्पष्टता भएमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्ने छ ।

**१८. खारेजी र बचाउ : (१)** विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ खारेज गरिएको छ ।

(२) विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ बमोजिम भएका काम कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिने छ ।

**अनुसूची १**

परिच्छेद ३ को दफा ६ को उपदफा ३ सँग सम्बन्धित

(क) ग्रेड निर्धारण

| सि. न. | प्राप्ताङ्कको वर्गान्तर (प्रतिशतमा) | ग्रेड | व्याख्या | स्तरीकृत अङ्क (Grade point) |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | A+ | Outstanding | ४.० |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | A | Excellent | ३.६ |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | Very good | ३.२ |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | B | Good | २.८ |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | Satisfactory | २.४ |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | C | Acceptable | २.० |
| ७ | ३० र सोभन्दा माथि ४० भन्दा कम | D+ | Partially acceptable | १.६ |
| ८ | २० र सोभन्दा माथि ३० भन्दा कम | D | Insufficient | १.२ |
| ९ | २० भन्दा कम | E | Very insufficient | ०.८ |

(ख) माथि खण्ड (क) बमोजिम निर्धारित ग्रेडको व्याख्या तथा विस्तृतीकरण देहायबमोजिम हुने छ :

| ग्रेड | व्याख्या | व्याख्याको विस्तृतीकरण |
|---|---|---|
| A+ | Outstanding | Exceptional evidence of understanding and summarizing the subject matter; demonstration of extraordinary performance in problem-solving, creativity, critical expression and participation; exceptionally independent in learning and organizing contents with superior communication skills. |
| A | Excellent | Excellent Strong evidence of understanding and summarizing the subject matter; demonstration of exemplary performance in problem-solving, creativity, critical expression and participation; admirably independent in learning and organizing contents with advanced communication skills. |
| B+ | Very Good | Very good evidence of understanding and summarizing the subject matter; demonstration of higher performance in problem-solving, creativity, critical expression and participation; greatly independent in learning and organizing contents with sound communication skills |
| B | Good | Good evidence of understanding and summarizing the subject matter; demonstration of reasonably good independent performance in problem-solving, creativity, critical expression and participation; very independent in learning and organizing contents with reasonable communication skills. |

| | | |
|---|---|---|
| C+ | Satisfactory | Adequate evidence of understanding and summarizing the subject matter; demonstration of reasonably good but not particularly independent performance in problem-solving, creativity, critical expression and participation; reasonably independent in learning and organizing contents with sufficient communication skills. |
| C | Acceptable | Sufficient evidence of understanding and summarizing the subject matter; demonstration of acceptable performance in problem-solving, creativity, critical expression and participation; reasonably independent in learning and organizing contents with satisfactory communication skills. |
| D+ | Partially Acceptable | Some evidence of understanding and summarizing the subject matter; demonstration of limited performance in problem-solving, creativity, critical expression and participation; partially independent in learning and organizing contents with basic communication skills. |
| D | Insufficient | Minimal evidence of understanding and summarizing the subject matter; demonstration of deficient performance in problem-solving, creativity, critical expression and participation; needs close supervision in learning and organizing contents with minimal communication skills. |
| E | Very Insufficient | Negligible evidence of understanding and summarizing the subject matter; seriously deficient performance in problem-solving, creativity, critical expression and very minimal participation; needs constant supervision in learning and organizing contents with inadequate communication skills |